# शहीदनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : ४ | मिति : २०७६/०३/१०


## भाग–२

## शहीदनगर नगरपालिकाको

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि–२०७६

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी शहीदनगर नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद - १

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र परिभाषा :-**

क) यस कार्यविधिको नाम: "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धि कार्यविधि - २०७६ रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकावाट स्विकृत भए पछि लागु हुने छ।

२. **परिभाषा:-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :-

क) कार्यविधि भन्नाले शहीदनगर नगरपालिकाको घ वर्गको निर्माण

ख) नगरपालिका भन्नाले शहीदनगर नगरपालिकालाई सम्झनु पर्छ।

ग) ऐन भन्नाले :- स्थानिय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ।

घ) नगर प्रमुख भन्नाले :- शहीदनगर नगरपालिका को नगर प्रमुख सम्झनु पर्छ।

ङ) नगर उप-प्रमुख भन्नाले :- शहीदनगर नगरपालिका को नगर उप-प्रमुख सम्झनु पर्छ।

च) प्रमुख प्रशासकिय अधिकृत भन्नाले :- शहीदनगर नगरपालिका को प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ।

छ) निर्माण व्यवसायी भन्नाले:- यस कार्यविधि वमोजिम ईजाजत प्राप्त (घ) वर्गको निर्माण व्यवसायी लाई सम्झनु पर्छ।

ज) ईजाजत पत्र भन्नाले :- यस कार्य विधि वमोजिम सार्वजनिक निर्माण कार्य गर्न निर्माण व्यवसायी, फर्म, कम्पनीलाई दर्इिने अनुमती लाई सम्झनु पर्छ।

झ) समिति भन्नाले :- निर्माण व्यवसाय गर्न योग्यता पुगे। नपुगे को जाँच बुझ गरि प्रतिवेदन पेश गर्ने समिति लाई सम्झनु पर्छ।

ञ) कार्यालय भन्नाले:- शहीदनगर नगरपालिकालाई सम्झनु पर्छ।

च) दस्तुर भन्नाले :- निर्माण व्यवसाय गर्न दिईने ईजाजत वापत लिईने दस्तुर लाई सम्झनु पर्छ।

## परिच्छेद-२
## निर्माण व्यवसायी इजाजत सम्बन्धि व्यवस्था

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने:**
प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

**४. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस शहीदनगर नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-२ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनियर/सव ईन्जिनियर सहित सदस्य भएको निम्न वमोजिम गठित समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

| | |
|---|---|
| क. ईन्जिनियर, प्राविधिक शाखा | संयोजक |
| ख. योजना शाखा | सदस्य |
| ग. प्रशासन शाखा प्रमुख | सदस्य |

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले निर्माण व्यवसाय फर्म संस्थाको अनुगमन तथा निरिक्षण गरी पेश गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-३ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-४ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(५) दफा ४ बमोजिम दिएको ईजाजत पत्रको अभिलेख किताव अनुसूची- ५ बमोजिम घ वर्गको निर्माण व्यवसायहरुको अभिलेख पुस्तिका राखनु पर्ने छ ।

**५ इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्तसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण, निर्माण व्यवसायी संघको नविकरण गरी दिने सिफारीस पत्र सहित सम्वन्धित नगरपालिकावाट अनुसूची-३ वमोजिमको दस्तुर तिरी अनुसूची-६ बमोजिमको नविकरण दरखास्त फारम साथ संलगन राखि पेश गर्नु पर्नेछ। इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-७ वमोजिमको पासवुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-७ वमोजिमको पासवुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-३ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

६. **इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ५ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

७. **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-३ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

## परिच्छेद-३

## विविध

८. **प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. **बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची - १

कार्यविधि को दफा ४ को उपदफा (१) संग सम्बन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

**इजाजतपत्रको लागि दिइने दरखास्त**

दरखास्तबालाको

फोटो

श्री शहीदनगर नगर कार्यपालिकाको कार्यालय
यदुकूहा, धनुषा

यस शहीदनगर नगरपालिकाको कार्यालयको घ वर्गको निर्माण व्यवसाय इजाजत सम्बन्धी कार्य विधि २०७६ वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउने निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीकोः-

नामः-

ठेगानाः-

पोष्ट बक्सः-

टेलिफोन नं.:- फ्याक्स नं.:- इमेलः-

२. फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको

नाम थरः- पोष्ट बक्सः-

टेलिफोनः- फ्याक्सः- इमेलः-

४. फर्म वा कम्पनीको विवरण

दर्ता नं. :- दर्ता मितिः-

अधिकृत पूँजीः- जारी पूँजीः-

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

५. इजाजतपत्र लिन चाहेको वर्गः- "घ" वर्गको

६. समूहीकरण हुन चाहेको समूह

७. आर्थिक श्रोतको विवरण

| | रकम | वित्तीय संस्था/बैङ्कको नाम |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुदती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण (जनशक्ति):- पुरा समय काम गर्ने लिखित मन्जुरनामा दिने ।

| सि.नं. | कामदारको नाम | पद | ठेगाना | सम्पर्क नं. | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | ईन्जि./ सव.ईन्जि. | | | सि.भि. ईन्जि.विषय मा प्रविन्ता प्रमाण पत्र उतिर्ण | |
| २ | | लेखापाल | | | +२ वाणिज्य | |
| ३ | | नायब सुब्बा | | | +२ अन्य | |

प्राविधिक कर्मचारीको हकमा Certificate को प्रतिलिपी तथा निजको मंजुरनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बनधी सवारी साधन मेशिनरी औजारक विवरणः-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| १. | ट्रिपर/टयाक्टर (एक/एक थान) | | | | | | |
| २. | मिक्सर (एक थान) | | | | | | |
| ३. | Theodolite/Level Machine (एक सेट) | | | | | | |
| ४. | वाटर पम्प (तीन थान) | | | | | | |
| ५ | भाइब्रेटर (तीन थान) | | | | | | |

द्रष्टव्यः- यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. दरखास्त र निवेदन, इजाजत दस्तुरः-

| सि.नं. | मिति | रसिद नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजातः-

(क). मिति ........................... गतेमा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्र लिएको

(ख)

(ग)

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दस्तखास्त वालाको,

दस्तखतः-

मितिः-

द्रष्टव्यः- यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको नोटरी पब्लिकबाट प्रमाणित भएको प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कर्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

..................................................

कार्यालय प्रयोजनको लागि

जाँच बुझ, अनुगमन तथा निरिक्षण समितिको ठहर र प्रतिवेदन

## अनुसुची-२

### (कार्यविधिको दफा-४ (२) -१ संग सम्बन्धित)

### “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता :** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरण :**

(क) ट्रिपर/ट्याक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनुसूची-३

(कार्यविधि को दफा ४ को उपदफा (४) र दफा ५ को उपदफा (३) संग सम्बन्धित)

| सि.नं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घ | रु. ५०००।- | रु. २५००।- | रु. २०००।- | रु. १०००।- | |

अनुसूची - ४

कार्यविधि को दफा ४ को उपदफा (४) संग सम्बन्धित

ईजाजतपत्र

ईजाजतपत्र नं. .................. मितिः .......................

शहीदनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

यदुकूहा, धनुषा ।

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २० ...... को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न .......................... स्थित कार्यालय भएको ......................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेको

दस्तखतः

नामः

पदः

मितिः

कार्यालयः

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची-५

(कार्यविधिको दफा-४ को उपदफा-५ संग सम्बन्धित)

## नयाँ ईजाजतपत्र अभिलेख किताब

| सि.नं. | निर्माण व्यवसायको नाम | निवेदन | | जाँचबुझ समिति बाट प्रतिवेदन प्राप्त मिति | कार्यपालिकामा | | ईजाजत पत्र | | कार्यालय प्रमुखको नाम र दस्तखत | ईजाजत पत्र बुझ्नेको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मिति | द.नं. | | पेश मिति | निर्णय मिति | नं. | मिति | | नाम | सम्पर्क नं. | दस्तखत |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची - ६

स्थानीय सरकार संचाल ऐन २०७४ को दफा ११ (छ) को १० र कार्यविधिको दफा ५ को उपदफा-२ संग सम्बन्धित)

**इजाजतपत्र नविकरणको लागि दिइने दरखास्त**

**विषय:- “घ“ वर्गको इजाजतपत्र नवीकरण गरी पाऊँ भन्ने बारे ।**

श्री शहीदनगर नगर कार्यपालिकाको कार्यालय
यदुकूहा, धनुषा

निर्माण व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र नवीकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई निर्माण स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ छ को १० बमोजिम यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,
 (क) नामः
 (ख) ठेगानाः
 (ग) पोष्ट बक्सः
 (घ) टेलिफोन नं. :
 (ङ) फ्याक्स नं. :
 (च) इमेलः

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको,
 (क) नामः
 (ख) ठेगानाः

३. निर्माण व्यवसायीको,
 (क) प्रमाणपत्र नं.
 (ख) दर्ता मितिः

४. (क) इजाजत पत्र नं.
 (ख) इजाजतपत्र जारी भएको मितिः
 (ग) इजाजतपत्र जारी गर्ने कार्यालयः

५. (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं.

(ख) नवीकरण मितिः

६. इजाजतपत्र नवीकरण दस्तुर र थप दस्तुर बापत रु. ..................... ........................... अक्षरेपी सक्कल भौचर यसै साथ संलग्न छ ।

७. यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

**संलग्न कागजातहरु :-**

१. कर चुक्ता प्रमाण पत्र ..................... सम्मको

२. फर्म वा कम्पनी दर्ता नविकरण प्रमाण पत्र :

३. निर्माण व्यवसायी संघको नविकरण गरिदिने सिफारिस :

४. अघिल्लो आर्थिक वर्षमा गरेको निर्माण कार्यको अनुसूची-७ बमोजिमको आवधिक विवरण :-

| संस्थाको छाप |
|---|

निवेदक निर्माण व्यवसायीको तर्फबाट

दरखास्त दिनेको,

नामः

पदः

दस्तखतः

मितिः

ईती सम्वत २०७६ साल ..........महिना .......... गते रोज ............ शुभम

अनुसूची - ७

(कार्यविधिको दफा -५ को उपदफा २ संग सम्बन्धित)

निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण

| सि. नं. | आयोजनाको नाम | ठेक्का दाता/ सार्वजनिक निकायको नाम | ठेक्का स्वीकृत मिति | सम्झौता/ कार्यादेश मिति | ठेक्का विवरण | | | | सम्पादित कामको अवस्था (प्रगति %) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ठेक्का रकम | सम्झौता मिति | कार्यसम्पन्न मिति | भुक्तानी प्राप्त | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**प्रमाणिकरण मिति : २०७६/०३/०५ गते**

**आज्ञाले,**

**नन्द कुमार झा**

**नि. प्रमुख प्रशासकीय अधिकृत**

शहीदनगर नगरपालिकाद्वारा प्रकाशित मुल्य रु. १० /-